६

श्री

# पर्वत जिल्ला अदालत
# कुश्मा, पर्वत

पत्र संख्या:-०७७।०७८
चलानी नं.:- १६५३

फोन नं.-०६७-४२०१९५
मिति:-२०७७।१२।१२

विषय: सुचना टांस गरी जानकारी दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, पर्वत ।
श्री जिल्ला सरकारी वकिल कार्यालय, पर्वत ।
श्री जिल्ला प्रहरी कार्यालय, पर्वत ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्वत ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, पर्वत ।
श्री मालपोत कार्यालय, पर्वत ।
श्री कुश्मा नगरपालिकाको कार्यालय, पर्वत ।
श्री फलेवास नगरपालिकाको कार्यालय, पर्वत ।
श्री जलजला गाउँपालीकाको कार्यालय, पर्वत ।
श्री मोदी गाउँपालीकाको कार्यालय, पर्वत ।
श्री पैंयु गाउँपालीकाको कार्यालय, पर्वत ।
श्री विहादी गाउँपालीकाको कार्यालय, पर्वत ।
श्री महाशिला गाउँपालीकाको कार्यालय, पर्वत ।

उपर्युक्त विषयका सम्बन्धमा यस अदालतबाट प्रकाशित सुचना यसै पत्र साथ संलग्न गरी पठाइएको छ, प्राप्त भएपछि तांहा कार्यालयको सूचना पाटीमा टांस गरी सो को जानकारी यस अदालतमा पठाईदिनु हुन अनुरोध छ ।

७७।१२।१९

तहसिलदार शा.अ.

तहसिलदार शा.अ.

श्री

# पर्बत जिल्ला अदालत,
# कुश्मा, पर्वत

पत्र संख्या:-०७७\०७८
चलानी नम्वर: -

फोन नं. ०६७-४२०१९५
मिति: -२०७७।१२।१९

## सूचना । सूचना ।। सूचना ।।।

विषय:- दशीका मालसामन फिर्ता लिन आउने बारेको अत्यन्त जरुरी सूचना ।

उपरोक्त सम्बन्धमा यस अदालतमा दायर हुन आएका बिभिन्न मुद्दाहरुमा दशीको रुपमा दाखीला हुन आएका यस अदालतको जिन्सी खातामा आम्दानी बाँधिएका मालसामानहरुको व्यवस्थापन गर्नु पर्ने भएकोले कानुन बमोजिम अन्तिम फैसलाले फिर्ता दिने ठहरिएका जिन्सी सामानहरु एवं यस अदालतको आदेशले२०७४ आषाढ मसान्त सम्म जिन्सीमा आम्दानी बाँधिएका मालसामानहरु फिर्ता लैजान चाहेमा आफ्नो हक पुग्ने प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित व्यक्ति आफै उपस्थित भई फिर्ता लैजान आउनुहोला ।उक्त समयावधीमा मालसामान फिर्ता लिन नआएमा उक्त मालसामानहरु लिलाम प्रक्रियाद्धारा लिलाम बिक्री गरी प्राप्त हुन आउने रकम राजस्वमा दाखीला गरीने ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२(१) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ साथै लिलाम गर्न नमिल्ने मूल्य कायम हुन नसक्ने प्रकृतिका मालसामानहरु समेत सडाइ नष्ट गरीने हुँदा फिर्ता लिन चाहने सम्बन्धित व्यक्तिले सूचना प्रकाशित भएका मितिले ७ दिन भित्र कार्यालय समय भित्र यस अदालतमा सम्पर्क गरी आ-आफ्नो मालसामान फिर्ता लैजानु होला। सो समय पश्चात आफ्नो मालसामान फिर्ता पाइन भन्ने व्यहोराको उजुर बाजुर लाग्ने छैन।